# फालेलुङ गाउँपालिका पाँचथरको आर्थिक वर्ष २०८२/०८३ नीति तथा कार्यक्रम

## फालेलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

### थकेपुङ, पाँचथर

### नेपाल

**फालेलुङ गाउँलपालिका, थकेपुङ, पाँचथरका अध्यक्ष श्री वीर विक्रम थाम्सुहाङज्यूले सम्वत् २०८२ साल असार ०८ गते आइतवारका दिन गाउँ सभामा प्रस्तुत गर्नुभएको**

## आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

**सम्मानित गाउँ सभा सदस्य ज्यूहरू,**

फालेलुङ गाउँपालिका, गाउँ सभाको एघारौँ अधिवेशन सम्पन्न गर्न आज हामी यस सभाकक्षमा उपस्थित भएका छौं। यस सुखद उपलक्ष्यमा नेपाल र नेपाली जनताको स्वतन्त्रता, सार्वभौमिकता, स्थानीय स्वायत्तता र स्वशासन, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र शंघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एंव शहीदहरु तथा बेपत्ता र पिडित नागरिकहरुको उच्च सम्मान गर्दै नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनामा जीवनको बलिदान दिने शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जी अर्पण गर्दछु। साथै फालेलुङ गाउँपालिकामा ०८१ साल असोजमा आएको विपद्का कारण ज्यान गुमाउने ३ जना र बम बिष्फोटमा ज्यान गुमाउने २ जना अबोध बालवालिका प्रति हृयद देखि नै गहिरो समवेदना प्रकट गर्न चाहान्छु ।

आर्थिक वर्ष २०८२/०८३ को गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संबिधानको अनुसूची-८ मा रहेको व्यवस्था, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ र स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ ले गरेका व्यवस्थालाई पालना गर्ने प्रयास गरिएको छ। साथै आ.ब. ०८२।०८३ का लागि संघीय सरकार, प्रदेश सरकारबाट प्रस्तुत बजेटले लिएका नीति र कार्यक्रम, दीगो विकासका लक्ष्यको स्थानीयकरण गरी नेपाल सरकारबाट प्राप्त स्वीकृत क्षेत्रगत नीतिहरु, मन्त्रालयहरु र राष्ट्रिय योजना आयोगबाट प्राप्त मार्गदर्शन लाई आधार मानी गाउँपालिकाको नीति तथा कार्यक्रम तयार गर्न प्रयास गरिएको छ।

फालेलुङ गाउँपालिकाकाको नीति तथा कार्यक्रमको तर्जुमाको लागि गाउँ सभामा पेश गर्ने क्रममा सरोकारवाला निकाय, व्यापारी, पत्रकार, राजनीतिक दलहरु, गाउँ कार्यपालिकाको कार्यालय परिवार, विषयगत समिति लगायत सम्बद्ध पक्षले पुर्याउनु भएको महत्वपूर्ण सहयोग र सहभागिता उल्लेखनिय रहेको हुदाँ सम्बद्ध सबै पक्षहरुलाई धन्यवाद ज्ञापन गर्दछु।

**सम्पूर्ण सदस्य ज्यूहरु,**

अब म फालेलुङ गाउँपालिकाको विद्यमान राजनीतिक, आर्थिक, सामाजिक र प्रशासनिक परिवेश उपर प्रकाश पार्न चाहान्छु। फालेलुङ गाउँपालिका भौगोलिक रुपमा जटिल भू-बनोट भएको सुदुर पूर्वी क्षेत्रमा अवस्थित गाउँपालिका हो। भू-जटिलताका साथै विपद्जन्य घटनाको कारण फालेलुङ गाउँपालिकाको आर्थिक, भौतिक र सामाजिक क्षेत्रमा प्रतिकुल असर हुँदै आएको छ। विपद् व्यवस्थापनमा गाउँपालिकाको विकास वजेट कट्टी गर्नु पर्ने भएको कारणबाट विकास कोषमा दबाब सिर्जना भएको छ। विपद्का कारणले ३ जनाको ज्यान जानुका साथै ६४ घरपरिवार विस्थापित भएकामा पुर्नस्थापनका गर्न नसकेको कारणले गर्दा कतिपय घरपरिवारहरु बसाईसरी जान बाध्य भएका छन्।

सामाजिक, साँस्कृतिक र राजनीतिक रुपमा विविधताले भरिपूर्ण यस गाउँपालिकामा सबै जातजाती, भाषाभाषि, राजनीतिक दलहरु बीच सहकार्य र सहअस्तित्वका साथ सर्वाङ्गिण विकासमा योगदान पर्याउनुभएको पक्ष सराहनिय छ। आर्थिक क्षेत्रका महत्वपूर्ण पक्षहरु पर्यटन, कृषि, लघु उद्यम, पशुपालन जस्ता क्षेत्रमा स-साना लगानी क्रमशः गरिँदै आएकोमा प्रतिफल दिने समयावधी लामो लाग्ने भएको हुँदा आशातित रुपमा प्रतिफल प्राप्त गर्न सकिएको छैन। एकातर्फ नेपालको संविधान, २०७२ बाट स्थानीय सरकारलाई अधिकार सम्पन्न बनाउँदै स्वायत्त शासनको परिकल्पना गरिएको छ। तथापि हालैका आर्थिक बर्षहरुमा गाउँपालिकाले प्राप्त गर्ने समानीकरण अनुदान र राजस्व बाडफाँडको रकमको तुलनामा सशर्त अनुदानको बजेटको आकारमा अभिबृद्धि गरिएको तथ्यले स्वायत्त शासन र संघीयतालाई नै चुनौतिपूर्ण बनाउदै लगेको छ। स्थानीय सरकार जनता समक्ष गरेका विकासका बाचाहरुलाई मूर्तता दिन सफल भएको छैन। यि सबै प्रतिकुलताका बाबजुद फालेलुङ गाउँपालिकाले आफ्नै प्रशासनिक भवन र पाँच शैया अस्पताल निर्माण गरी प्रशासनिक

सेवा प्रवाहलाई सहज र सुलभ तुल्याउनका लागि सफल भएको छ। विपद्बाट प्रभावित घरपरिवारलाई राहत वितरण र पुर्नस्थापनाका लागि सक्दो प्रयास गरेको छ। यसै गरी विगत दुई आ.व. को अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा यस गाउँपालिकाले शुन्य बेरुजु कायम गर्न सफल भएको तथ्यबाट गाउँपालिकाको प्रशासनिक सुशासनलाई प्रमाणित गर्दछ। साथै यस गाउँपालिकाका निर्वाचित जनप्रतिनिधी र कर्मचारी बीचको सुमधुर सम्बन्धले जस्तासुकै विपद् र कठिनाईलाई पराजित गर्न सक्ने आत्मविश्वास प्रदान गरेको छ।

सम्पूर्ण सदस्य ज्यूहरु,

अब म फालेलुङ गाउँपालिकाको विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि गरिएका महत्वपूर्ण प्रयास, अवसर तथा चुनौतिका बारेमा छोटकारीमा प्रस्तुत गर्न चाहान्छु ।

प्रयासहरुः-

- प्रशासकीय भवनको निर्माण सम्पन्न गरिएको,
- लोक सेवा आयोगबाट कर्मचारीको स्थायी पदपूर्ती गरिदै गएको,
- पाँच शैया अस्पताल भवन निर्माणको कार्य सम्पन्न गरिएको,
- आर्थिक सुशासनको लागि शुन्य बेरुजुको नीति अंगिकार गरि कार्यान्वयनमा सफलता हाँसिल गरिएको,
- कृषि र पशुपालन क्षेत्रको विकासमा लगानी गरिएको,
- गाउँपालिकालाई कालोपत्रे सडकबाट जोड्नका लागि संघीय सरकारसँग निरन्तर पहल गरी हेवाखोला पारी र वारी दुबै तर्फका वडाहरुलाई कालोपत्रे सडकले जोड्न सफल भएको,
- विपद् प्रतिकार्यको लागि नेपाल रेडक्रस सोसाईटीसँगको सहकार्यमा विपद् प्रतिकार्य र पुनः स्थापनाको लागि कार्य गरिदै आएको,
- विपद् व्यवस्थापनको लागि देश भर नै नमूनाको रुपमा श्रमदानलाई परिचालन गरी डाईभर्सन निर्माणको कार्य सम्पन्न गरिएको,
- करका दायरालाई फराकिलो बनाउन आवश्यक अध्ययन र प्रयोग गरिएको,
- छुट्टै कानून उपशाखा मार्फत पुराना कानून र संघ तथा प्रदेश कानूनसँग बाझिने कानूनको संशोधन गरी प्रभावकारी कानूनको निर्माण गरिदै आएको,

विद्यमान अवसरहरुः

- प्राकृतिक सौन्दर्यता र पर्यटन उद्योग विकासको सम्भावना,
- कृषि र पशुपालनमा सम्भावना,
- जलविधुत उत्पादनको सम्भावना,
- जलश्रोत र सिँचाईको पर्याप्त व्यवस्था,
- प्रशासकीय भवन र वडा कार्यालयको भवन निर्माण सम्पन्न,
- पाँच शैया अस्पताल भवन निर्माण कार्य सम्पन्न,
- कर्मचारीको पर्याप्तता,
- जनप्रतिनिधी र कर्मचारीबीचको सुमधुर सम्बन्ध,

- सामाजिक सास्कृतिक विविधता,
- मौलिक संस्कार/संस्कृति र पर्यटन विकास,
- पूर्वाधार विकासमा साझेदारी संस्थाको लगानीमा अभिवृद्धि, जस्तैः HPF/SIP/Red Cross,
- लगानी गर्न ईच्छुक संघ संस्थाको उपलब्धता आदि ।

विद्यमान चुनौतिहरुः-

- विपद् व्यवस्थापनका लागि वजेट अपर्याप्तता,
- संघीय अनुदानको निरन्तर कटौती,
- बढदो बसाईसराई,
- बढ्दो जनआकाशां र कम बजेट,
- पर्यटन विकासको लागि कबुलियती बन र सामुदायिक बनसँग पर्याप्त समन्वय हुन नसक्नु,
- पर्यटन पूर्वाधारको रुग्ण अवस्था,
- कृषि उत्पादनको वजारीकरण, विविधिकरण र व्यवसायीकरण नहुनु,
- सडक गुरुयोजना कार्यान्वयन नहुनु,
- संघीय संरचना महँगो हुदै जानु,

सम्पूर्ण सदस्य ज्यूहरु,

अब म फालेलुङ गाउँपालिकाको आगामि आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम निर्माणको क्रममा लिईएका आधारस्तम्भहरुका बारेमा प्रस्तुत गर्न चाहान्छु ।

## नीति तथा कार्यक्रम तर्जमाका आधारहरु

क. नेपालको संविधान, २०७२
ख. स्थानीय सरकार संचालन ऐन, २०७४
ग. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
घ. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
ङ. नेपाल सरकार र कोशि सरकारले तर्जुमा गरेका नीति तथा कार्यक्रमहरु
च. फालेलुङ गाउँपालिकाका विगत वर्षका नीति तथा कार्यक्रमहरु
छ. दीगो विकासका लक्ष्यहरु
ज. सोहौँ पन्चबर्षिय योजना
झ. फालेलुङ बासीहरुको जनभावना
ञ. फालेलुङ गाउँपालिकाले विभिन्न समयमा जारी गरेका कानूनहरु
ट. फालेलुङ गाउँपालिकाको समग्र भौगोलिक, शैक्षिक, राजनीतिक र सामाजिक सास्कृतिक वातावरण
ठ. स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७८
ड. वडा वस्ती स्तरमा भएका छलफलका सुझाबहरु एवं संकलन भएका योजना तथा कार्यक्रमहरु
ढ. संघीय र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान र वजेट सिलिङ तथा
ण. राजश्व परामर्श समिति, स्रोत अनुमान तथा वजेट सीमा निर्धार समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति लगायतका समितिबाट प्राप्त राय सुझाबहरु

अब म फालेलुङ गाउँपालिकाको चालु आ.व. २०८१/८२ को हालसम्मको भौतिक, आर्थिक सामाजिक, वातावरणीय र संस्थागत उपलब्धिहरु प्रस्तुत गर्न चाहान्छु ।

क) भौतिक उपलब्धीः-

फालेलुङ गाँउपालिकाभित्र चालु आ.व. २०८१/८२ को भौतिक क्षेत्रमा हालसम्म गरेको उपलब्धिहरु

| सि.न. | विवरण | प्रकार | जम्मा कि.मि / संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | सडक | पक्कि कालोपत्रे | 18 कि.मि | |
| | | पक्कि आर.सि.सि. | 0.12 कि मि | |
| | | ग्राभेल | 52 कि मि | |
| | | कच्ची | 365कि मि | |
| 2 | भवन | फालेलुङ गाउँपालिका प्रशासकिय पक्कि भवन | 1 वटा | |
| | | ५ शैय्या अस्पताल पक्कि भवन | 1वटा | |
| | | वडा कार्यालयहरुको पक्कि भवन | 8 वटा | |
| | | आधारभुत स्वास्थ्य चौकि पक्कि भवन | 6 वटा | |
| | | स्वास्थ्य चौकि पक्कि भवन | 4 वटा | |
| | | सामुदायिक भवनहरु | 10 वटा | |
| | | विद्यालयका पक्कि भवन | 45 वटा | |
| 3 | कुलो | पक्कि कुलो | 42वटा | |
| | | सिंचित क्षेत्र | २६३०५ रोपनी | |

ख) आर्थिक सामाजिक उपलब्धीः-

- चालु आ.व. २०८१।०८२ मा फालेलुङ गाउँपालिकामा कुल रु. ५२,७७,८८,०००।- वजेट विनियोजन भएकोमा चालु तर्फ रु. ३६,५७,८१,३०५।- र पुँजिगत तर्फ रु. १६,२०,०६,६९५।- विनियोजन भएको हालसम्म चालु तर्फ ७२.०६ प्रतिशत खर्च भएको र पुँजिगत तर्फ ४८.३५ प्रतिशत खर्च भएको छ । यसको क्षेत्रगत उपलब्धी देहाय बमोजिम रहेको छ ।

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८२/०३/०५

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५,७१,२३,२७६. | १,९९,२८,०७८ | ३४.८९ | ३,७१,९५,१९७.९६ |
| १ | कृषि | ६१,३३,१७३.०० | २६,१०,१२६ | ४२.५६ | ३५,२३,०४६.३६ |
| २ | उद्योग | १३,००,०००.०० | ५,५६,२१८.४ | ४२.७९ | ७,४३,७८१.६० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | पर्यटन | ५२,५०,०००.०० | १७,४३,२८०. | ३३.२१ | ३५,०६,७२०.०० |
| ४ | सहकारी | २,००,०००.०० | १,६०,०००. | ८० | ४०,०००.०० |
| ५ | जलश्रोत तथा सिंचाई | ३,९७,५३,१४६.०० | १,२६,१९,७९५. | ३१.७५ | २,७१,३३,३५१.०० |
| ६ | बन | २,००,०००.०० | १,९४,१००. | ९७.०५ | ५,९००.०० |
| ७ | पशुपन्छी विकास | ४२,८६,९५७.०० | २०,४४,५५८. | ४७.६९ | २२,४२,३९९.०० |
| २ | सामाजिक विकास | ३१,६९,६२,६३४ | २१,७९,४६,८९९. | ६८.७६ | ९,९०,१५,७३४.८९ |
| १ | शिक्षा | २२,७५,१७,१७३.०० | १६,१६,६०,४२५. | ७१.०५ | ६,५८,५६,७४७.४३ |
| २ | स्वास्थ्य | ७,२४,४८,१७३.०० | ४,९१,७४,०६७.५ | ६७.८७ | २,३२,७४,१०५.४६ |
| ३ | खानेपानी तथा सरसफाई | १६,१०,०००.०० | २,९१,०००.०० | १८.०७ | १३,१९,०००.०० |
| ४ | भाषा तथा संस्कृति | २५,५०,०००.०० | ४,५५,१७६.०० | १७.८५ | २०,९४,८२४.०० |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ५३,९३,७८८.०० | १९,१८,३८४.०० | ३५.५७ | ३४,७५,४०४.०० |
| ६ | युवा तथा खेलकुद | ६८,२५,०००.०० | ४२,४७,५४६.०० | ६२.२४ | २५,७७,४५४.०० |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | ६,१८,५००.०० | २,००,३००.०० | ३२.३८ | ४,१८,२००.०० |
| ३ | पूर्वाधार विकास | ५,४७,९५,४९२.०० | २,६१,८९,७३३.० | ४७.८ | २,८६,०५,७५९.०० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,६५,९१,०००.०० | १,२२,७४,७३८.८ | ७३.९८ | ४३,१६,२६१.२० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,२३,१५,५९८.०० | ६,५५,८८,८०४.८ | ७९.६८ | १,६७,२६,७९३.२० |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,२३,१५,५९८.०० | ६,५५,८८,८०४.८ | ७९.६८ | १,६७,२६,७९३.२० |
| | कुल जम्मा | ५२,७७,८८,०००.०० | ३४,१९,२८,२५३.७५ | ६४.७८ | १८,५८,५९,७४६.२५ |

घ) संस्थागत उपलब्धीः-

- आ.व. २०७९।०८० र ०८०।८१ मा गाउँपालिकाले शुन्य बेरुजु कायम गर्न सफल भएको छ। यि आ.व. हरुमा क्रमशः ०.१६ र ०.५९ प्रतिशत मात्र बेरुजु कायम भएको ।
- यस आ.व. मा समग्र पाँचथरमा अंकको हिसाबमा सबैभन्दा कम बेरुजु हुने पालिकाको प्रथम स्थानमा र प्रतिशतका हिसावमा दोस्रो स्थानमा रहेको छ जुन फालेलुङ गाउँपालिकाको महत्वपूर्ण उपलब्धी रहेको छ ।
- प्रशासकीय भवन र पाँच शैया अस्पताल भवन निर्माण कार्य सम्पन्न।
- कर्मचारी पदपूर्ती लोक सेवा आयोगबाट गरी दैनिक प्रशासनिक कार्यमा सहजता भएको।
- वडा कार्यालय भवन र कर्मचारीको पदपूर्ती सम्पन्न भएको।

सम्पूर्ण सदस्य ज्यूहरु,

सम्पूर्ण सदस्य ज्यूहरु, अव म आगामी आ.व. २०८२।०८३ को बार्षिक वजेटले अंगिकार गरेका प्राथामिकताका क्षेत्रहरु प्रस्तुत गर्न चाहान्छु।

**प्राथामिकताका क्षेत्रहरुः**

क. आन्तरिक आयमा बृद्धि
ख. राजस्व र अनुदानको महतम परिचालन
ग. आर्थिक विकास र समृद्धि
घ. दीगो र सन्तुलित पूर्वाधार विकास
ङ. कृषि र पशुजन्य उत्पादनमा आत्मनिर्भरता
च. सिंचित क्षेत्रको विस्तार
छ. पर्यटन विकास
ज. विपद् व्यवस्थापन
झ. गुणस्तरीय शिक्षा र स्वास्थ्य
ञ. कला, संस्कृती र साहित्यको विकास
ट. आन्तरिक उत्पादन प्रवर्द्धन
ठ. आत्मनिर्भरता
ड. सुशासन र सामाजिक न्याय
ढ. शुन्य बेरुजु र आर्थिक अनुशासन तथा सुशासन
ण. व्यवसायिकतामा बृद्धि
त. रोजगार र स्वरोजगारमा बृद्धि
थ. सूचना, प्रविधि र संचार क्षेत्रको विकास,

**गाउँ सभा सदस्यज्यूहरु,**

अव म आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट, नीति तथा कार्यक्रम लागि गाउँपालिकाले लिने क्षेत्रगत नीति र अवधारणालाई संक्षिप्त रुपमा राख्ने अनुमति चाहन्छु ।

**क) आर्थिक विकास सम्बन्धि नीति**

१. "स्थानीय वेरोजगार, कृषिबाटै रोजगार" भन्ने नाराका साथ कृषि उत्पादनको अभिवृद्धि मार्फत आन्तरिक आयमा बृद्धि गर्नका लागि गाउँपालिकाको शत प्रतिशत साझेदारीमा प्रधानमन्त्री रोजगार कार्यक्रम/राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत कृषि उत्पादन सम्भाव्यताको बिस्तृत अध्ययन गरी तदःअनुरुपको क्षेत्रमा लगानी र उत्पादित कृषि उपजको वजारीकरणको कार्यलाई गाउँपालिकाबाट सुनिश्चितता प्रदान गर्दै रोजगारीलाई कृषि क्षेत्रसँग आवद्ध गरी कृषि उपजको बेचबिखनबाट प्राप्त रकमलाई गाउँपालिकाको आन्तरिक राजस्व खातामा दाखिला गरी आर्थिक आत्मनिर्भरता कायम गर्ने कार्यको शुरुवात गरिनेछ ।
२. फालेलुङ गाउँपालिकाको कृषि ऐन, २०८२ पारित गरी कृषि विकासलाई उचित मार्गदर्शन गरिनेछ ।
३. "भूमी बैंक" को अवधारणा बमोजिम गाउँपालिका भित्र रहेका व्यक्तिगत बाँझो/खाली कृषियोग्य जमिन राख्ने प्रवृत्तीको अन्त्य गर्न दण्डात्मक व्यवस्था गरिनेछ । साथै बाँझो जग्गाको उपयोगको लागि गाउँपालिकाले आफै वा भूमिहिन कृषक वा इच्छुक व्यवसायिक कृषकलाई लिज/भाडामा लिने दिने व्यवस्था कार्यान्वयन गरिनेछ ।
४. ऐलानी/सार्वजनिक/सरकारी खाली जग्गालाई आवश्यकताका आधारमा प्राविधिक अध्ययन गरी दिगो र वैज्ञानिक तवरले उपयोग गरिनेछ ।
५. "सिंचाइमा लगानीः खेतबारीमा पानी" भन्ने नाराका साथ स्विस सरकार विकास सहयोग नियोग, नेपाल सरकार, प्रदेश सरकार,गाउँपालिका र उपभोक्ता समितिको साझेदारीमा सञ्चालित साना सिंचाई आयोजना मार्फत सिँचित क्षेत्रको विस्तारलाई निरन्तरता एवं पूर्णता दिईनेछ ।
६. वैज्ञानिक मापदण्ड, आधार र सूचकका आधारमा कृषक वर्गिकरणको कार्यलाई शुरुवात गरिनेछ ।
७. कृषि क्षेत्रको विकासका लागि कृषक तालिम, गोष्ठि तथा शिविर सञ्चाल गरिनेछ ।

८. प्राङ्गारिक कृषि उत्पादन र उपयोगलाई प्रवर्द्धन गरी गाउँपालिकालाई विषादि रहित बनाउन विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि जैविक मल प्रवर्द्धन तथा गोठे मल सुधार कार्यक्रम, प्राङगारिक मल तथा गडेउलेमल उत्पादन, प्राङ्गारिक खेती गर्ने कृषकलाई अनुदान, प्राङगारिक प्रमाणिकरणमा सहजिकरण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

९. कृषकहरुको बालि उत्पादन गर्दा आएका समस्या समाधानका लागी थप प्राविधिक सुझाव तथा प्राविधिक परामर्शका लागी फिल्ड स्तरमा नै गई थप अनुसनेधान तथा परामर्श सेवा दिइने छ।

१०."स्थानीय कृषि उत्पादनको प्रयोगः आयातित वस्तुमा रोक" भन्ने मूल उदेदश्यका साथ तरकारी, खाधान्न, तेलहन, फलफूल तथा नगदे वालिको उत्पादनमा आत्मनिर्भर हुँदै आयात प्रतिस्थापन मार्फत निर्यात प्रवर्द्धनमा जोड दिईनेछ।

११."हाम्रो उत्पादनः हाम्रो स्वाभिमान" अभियान अन्तर्गत स्थानीय उत्पादन लाई उपयोग र प्रबर्द्धन गर्न कृषि, प्राकृतिक श्रोत, स्थानीय उत्पादन र प्रविधिमा आधारित उद्योगको विकास गर्नका लागि विस्तृत अध्ययन प्रतिवेदन तयार गरी कार्यान्वयनमा ल्याईनेछ। यसका लागि आ.व. २०८२।०८३ मा नमूनाका लागि कोदोबाट तयार भएको विस्कुटको उत्पादन संभाव्यताको अध्ययन गरी शुरुवाती पहलकदमी गरिनेछ।

१२.घरपालुवा चौपायाहरुको नश्ल सृधार, जै घाँसको बीउ वितरण तथा पशु विकासको लागि आवश्यक उपकरण र औषधीको सेवा प्रवाह गरिनेछ।

१३."चौंरी महोत्सव, आन्तरिक र वाह्य पर्यटकको उत्सव" भन्ने नाराका साथ आ.व. २०८२/०८३ मा चौरी महोत्सवलाई पर्यटनसंग आवद्ध गरिनेछ।

१४.वास्तविक चौंरीपालक कृषकको पहिचान,सूचिकरण तथा विवरण अध्यावधिक गरी करको दायरामा ल्याईनेछ।

१५."प्राङगारिक पालिका, साझा भूमिका" भन्ने मूल नाराका साथमा गाउँपालिका क्षेत्रभित्र रसायनिक मल तथा किटनाषक विषादीको प्रयोगमा क्रमशः रोक लगाउँदै प्रांगारिक र जैविक मल तथा जैविक विषाधी प्रयोगलाई प्रोत्साहन गरिनेछ।

१६.आगेजुङ गुम्बा, चरिभन्ज्याङ्ग, सातथुम्की, लामपोखरी, तीनसिमाना, चारराते, सन्दकपुर, आहाल, गोरुवाले भन्ज्याङ, छिन्तापु, छाँगे खोला झर्ना, पानावा झर्ना, मुवा झर्ना,तारधाप झर्ना, आकासे भन्ज्याङ्ग, थकेपुङ र प्राङबुङजस्ता  प्राकृतिक सौन्दर्यले भरिपुर्ण स्थलहरुलाई पर्यटकीय स्थलहरुको रुपमा विकास गर्न (फालेलुङ गाउँपालिकाको पर्यटन गुरुयोजना) तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराई सामुदायिक वन, कबुलियती वन र स्थानीय तहको साझेदारीमा कार्यान्वयनमा ल्याइनेछ,

१७.गाउँपालिका भित्रका प्रमुख धार्मिक तथा पर्यटकीय गन्तब्य स्थलहरुको विशेषता समेटी पर्यटक सूचना पार्टी (Tourist Information Board) राख्ने तथा "फालेलुङको पर्यटन पुस्तिका" प्रकाशन गरीनेछ।

१८.पर्यटकिय क्षेत्रहरुलाई फिल्म सुटिङ क्षेत्रको रुपमा विकास गर्दै लगिनेछ।

**(ख) सडक तथा भौतिक पूर्वाधार विकास सम्बन्धि नीति**

१. नयाँ ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गरिनेछ। नयाँ ट्र्याक निर्माण गर्नुपर्ने भएमा गाउँपालिकाले तोकेको प्राविधिक समितिबाट नियमानुसार वातावरणीय तथा प्राविधिक दृष्टिकोणले उपयुक्त भएको सिफारिस पछि मात्र सहमति दिईनेछ।

२. मोटरबाटोको भरपर्दो मर्मत संभारको लागि मोटरबाटो मर्मत सम्बन्धी योजनामा नाली र ढल निकास योजनालाई अनिवार्य गरिनेछ।

३. स्रोत साधनको अधिकतम उपयोग गर्दै अधिकतम जनसहभागिता जुट्ने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिने नीति लिईनेछ।

४. सडक गुरुयोजनालाई अध्यावधिक गरि सडक सञ्जाल विस्तार गर्न, गाउँपालिका क्षेत्रभित्रका मोटरबाटोहरु मर्मत तथा विपद व्यवस्थापनमा सहयोग गर्नको लागि गाउँपालिकाको व्याक-हो-लोडरलाई व्यवस्थित तवरले परिचालन गरिनेछ ।

५. गत वर्षको बाढी/पहिरोलेबाट क्षतिग्रस्त पक्की तथा मोटरेवल पुल पुननिर्माणका लागि नेपाल सरकार तथा प्रदेश सरकार सँग आवश्यक पहल गरिनेछ ।

६. आ व को अन्त्यमा विकास बजेट खर्च गर्ने परिपाटीको न्युनिकरणका लागि आर्थिक बर्षको शुरुमै बार्षिक कार्यक्रम कार्यान्वय कार्ययोजना (Action Plan) तथा खरिद योजना (Procurement Plan) तर्जुमा गरी बैशाख भित्रमा कार्यसम्पन्न गरिनेछ ।

७. मध्यकालिन खर्च संरचाना र आवधिक योजनाको अध्यावधिक गरी "फालेलुङ गाउँपालिकाको परियोजना बैंक" तयार गरी क्रमशः कार्यान्वयन गरिनेछ ।

८. ढुङ्गा, गिटी, वालुवा जस्ता खानीहरुको पहिचान गरी IEE समेतका आधारमा व्यवसायिक उत्खनन र निकासीलाई करको दायरामा ल्याई स्थानीय राजस्वमा बृद्धिका लागि नीतिगत,एवं कानूनी व्यवस्था कार्यान्वयनमा ल्याइनेछ।

९. आवास तथा वस्ति विकासका लागि फुस तथा खरको छाना लाई जस्तापाताले प्रतिस्थापन गरिनेछ ।

**(ग) शिक्षा, युवा, खेलकुद तथा सामाजिक विकास सम्बन्धि नीति**

a. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार तथा अपनत्व कायम गराउन सरकारी कर्मचारी, शिक्षक, जनप्रतिनिधी, वि व्य स र शि अ सं का पदाधिकारीका छोराछोरीलाई अनिवार्य रुपमा सामुदायिक विद्यालयमा अध्ययन गर्नु/गराउनुपर्ने नीतिगत व्यवस्था गरिनेछ ।

b. "शैक्षिक गुणस्तरः बढ्छ सिकाईको स्तर" भन्ने नाराका साथ सामुदायिक तथा संस्थागत विद्यालबीचको शैक्षिक गुणस्तरको दुरीलाई न्यूनीकरण गर्दै सबल शिक्षा प्रणाली स्थापित गर्न कक्षा ८ र ५ को बार्षिक परिक्षा सञ्चालन र अन्य कक्षाहरुको प्रश्न पत्र निर्माण पालिकास्तरमा गरिनेछ ।

c. "सिर्जनशील शुक्रबारः विथार्थीको क्षमता उजागर" भन्ने अभिप्रायका साथ सम्पूर्ण विद्यालयहरुमा प्रत्येक महिनाको अन्तिम शुक्रबार सांस्कृत, साहित्यिक एवं सिर्जनात्मक अतिरिक्त क्रियाकलाप "बुक होलिडे" संचालन गरिनेछ।

d. आधुनिक सूचना प्रविधी प्रति साक्षात्कार गराउँदै गुणस्तरीय एवं समयानुकूल शिक्षा प्रदान गर्न सबै सामुदायिक विद्यालयहरुमा इन्टरनेटको पहुँच बिस्तार गरिनेछ ।

२. ७. विद्यालहरुविच आपसी असल अभ्यासका अनुभव आदान प्रदान गर्ने,उत्कृष्ठ खेलाडीहरुलाई सम्मान तथा पुरस्कृत गर्ने र स्यानिटरी प्याड वितरण कार्यलाई व्यवस्थित गरिनेछ ।

३. १४. दिवा खाजा कार्यक्रमलाई साप्ताहिक मेनु तयार गरि स्थानिय रैथाने उत्पादनसँग आवद्द गरी सबै सामुदायिक विद्यालयमा प्रभावकारी रुपमा लागू गरिने छ ।

४. १८.फालेलुङको मौलिक विशेषता विद्यार्थी ज्ञानको आवस्यक्ता भन्ने नाराका साथ कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक नेपाली र लिम्बु मातृभाषामा निर्माण गरि पूर्णतयाः कार्यान्वयमा ल्याइने छ ।

५. १९.प्राविधिक धार सञ्चालित विद्यालयमा बिद्यार्थी सख्या वढाउन विद्यालय सँग सहकार्य गर्नुका साथै आवश्यक बजेट ब्यवस्था मिलाइने छ ।

६. २०. शिक्षक विद्यार्थी संख्याको अनुपातको आधारमा शैक्षिक सत्र २०८२ भित्र कार्यविधी निर्माण गरी आश्यकता र औचित्यका आधारमा दरबन्दी मिलानको कार्यलाई पूर्णता दिइनेछ । साथै विद्यालयहरुलाई एकआपसमा मर्ज गर्नका लागि आवश्यक अध्ययन गरिनेछ ।

७. २१. शिक्षक तथा राष्ट्रसेवक कर्मचारीहरु प्रत्यक्ष रुपमा कुनै राजनीतिक गतिविधिमा संलग्न हुन नदिई निष्पक्ष शैक्षीक तथा प्रशासकनिक वातावरण सिर्जना गर्नका लागि आवश्यक व्यववस्था गरिनेछ।

**घ) स्वास्थ्य सम्बन्धि नीति**

१. "स्वास्थ्य सेवामा विस्तारः घरदैलोमा स्थानीय सरकार" भन्ने नाराका साथ गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा आम जनताको पहुँच सुनिश्चित गरी निःशुल्क वितरण गर्ने औषधीहरुलाई सबै स्वास्थ्य संस्थाहरु मार्फत सहज तवरले वितरण गरिनेछ।

२. आर्थिक रुपमा विपन्न नागरिकको औषधी उपचारको आर्थिक सहयोगलाई निरन्तरता दिँदै संघीय सरकारले विशेषः प्रकारका दीर्घ रोगिहरुलाई दिने मासिक पाँच हजार रुपैँया रकमलाई प्रत्येक त्रैमाशिक रुपमा निकासाको व्यवस्था मिलाईने छ।

३. स्वास्थ्य विमा कार्यक्रम लागु हुन बाकी वडाहरुमा विस्तार गरिनेछ।

४. महिला स्वास्थ्य स्वयमसेविकाहरुको प्रोत्साहनका लागि सञ्चार, खाजा तथा यातायात खर्च वापत मासिक संचार खर्चको व्यवस्था गरिनेछ।

५. स्वास्थ्यकर्मीहरुको क्षमता विकासको लागि तालिमको व्यवस्था गरिनेछ।

६. गर्भवती महिलाहरुको लागि निःशुल्क क्याल्सियम, फोलिक एसिड वितरण गरिनेछ। घरमै प्रसुति गराउने कार्यलाई पूर्ण रुपमा रोकी संस्थागत प्रसुति कार्यलाई प्रोत्साहित गर्दै आपत्कालिन हवाई उद्धारका लागि आवश्यक पहल गरिनेछ।

७. पालिकाबाट रेफर भएका प्रसुती तथा अन्य विरामीको उपचारका लागि आवश्यक रगतको कमी हुन नदिन जिल्ला रेडक्रस पाँचथरसँग समन्वय गरी आवश्यक व्यवस्था गरिनेछ।

८. जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी उपभोक्ताको हित संरक्षणका लागि व्यवपारिक कारोबारमा स्वच्छता, प्रतिष्पर्धा र अनुशासन कायम गर्न गराउनका लागि वजार क्षेत्रको अनुगमन गरिने व्यवस्था मिलाईनेछ।

**ङ) फोहोर मैला व्यवस्थापन तथा वन वातावरण सम्बन्धि नीति**

१. फोहोरमैलालाई सुरक्षित र व्यवस्थित रुपमा व्यवस्थापन गर्नको लागि एक ल्याण्ड फिल्ड साइट निर्माण तथा फोहोर मैला व्यवस्थापन सम्बन्धि योजना तर्जुमा गरिनेछ।

२. भौतिक पूर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन गर्दा वातावरण मैत्री बनाउन आवश्यक नीति तयार गरी कार्यान्वयन गरिनेछ।

३. यस पालिकाभित्रका सामुदायिक वनहरुले पालिकामा सूचिकृत हुने एवं वार्षिक कार्ययोजना तर्जुमा गरी पालिकाबाट अनिवार्य स्वीकृत गर्नुपर्नेछ। रुख कटान गर्दा प्राविधिक समितिबाट वातावरणीय प्रभाव अध्ययन गरी उपयुक्त भए मात्र कटान आदेश का लागि कटान सिफारिस दिने आवश्यक प्रबन्ध गरिनेछ।

४. बहुमुल्य तथा लोपोन्मुख जडिबुटी तथा वनस्पतिहरुको संरक्षण र संवर्द्धन गरी अबैध चोरी निकासीलाई अन्त्य गरिनेछ।

५. पालिकाभित्रका कवुलियत शर्तनामा बमोजिम सञ्चालनमा नरहेका कवुलियती वनलाई स्वयम सामुदायिक वनमा रुपान्तरित हुने वा खारेज गर्ने नीति लिइनेछ।

६. स्थानीय समुदायको सक्रिय सहभागितामा वनको संरक्षण कार्यक्रम संचालन गरिनेछ।

**च) विपद व्यवस्थापन सम्बन्धी नीति**

१. पहिरो तथा भू-क्षयग्रस्त क्षेत्रहरुमा विरुवा रोपण तथा संरक्षण तथा संवर्द्धनमा जोड दिइनेछ।

२. विपद कार्ययोजना निर्माण गरी विपद् व्यवस्थापन गर्न विपद् व्यवस्थापन कोष र राहत उद्धार कोष मार्फत दैविक तथा प्राकृतिक प्रकोपमा परेका व्यक्तिहरुलाई राहत तथा पुनर्स्थापनाको कार्यक्रम कार्यान्वयन गरिनेछ।

३. विपद् व्यवस्थापनको रणनैतिक योजना तयार गरी पालिकास्तरीय आपतकालिन कार्य संचालन केन्द्र स्थापना गर्दै उक्त केन्द्रमा विपद् व्यवस्थापनका लागि आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरिनेछ ।

४. बाढी पहिरोबाट बच्नका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरी विपद प्रतिकार्य योजना तयार गरी सो को कार्यान्वयन गरिनेछ ।

५. विपद् पूर्वतयारी, जोखिम आंकलन, जोखिम पूर्वचेतावनी, विपद् प्रतिकार्यको तयारी तथा विपद् न्यूनीकरण र पुनर्लाभका क्रियाकलापहरु संघ र प्रदेश सरकार, गैरसरकारी संस्था, निजी क्षेत्र, सुरक्षा निकाय, नागरिक समाज, टोल विकास संस्था र युवा समूह/क्लवसँग समन्वय र सहकार्य गर्दै "फालेलुङ गाउँपालिकाको विपद् प्रतिकार्यको मोबाईल समूह" गठन तथा विपद् व्यवस्थापनका लागि यथोचित व्यवस्थापन गरिनेछ ।

६. प्राविधिक अध्ययन गरी गाँउपालिकाभित्रको उपयुक्त स्थानमा विपद जोखिमको पूर्वचेतावनीको लागि ध्वनी सूचना(साइरन) जडान गरिनेछ।

७. सडकको नयाँ ट्र्याक खोल्ने कार्यलाई पूर्णतया निरुत्साहित गर्दै विपद तथा जोखिमको विश्लेषण गरी पालिकासँग समन्वयमा मात्र अत्यावश्यक ट्र्याक खोल्ने अनुमती प्रदान गरिनेछ।

**छ) संस्थागत सुशासन, सेवा प्रवाह तथा सूचना प्रविधि सम्बन्धि नीति**

१. "हिसाबमा रुजुः शून्य बेरुजु" भन्ने मूल नीतिलाई आत्मसाथ गर्दै सवैखाले आर्थिक हिसाबहरुको लेखा चुस्त दुरुस्त राखी बेरुजुमा शून्य सहनशिलता सहित शून्य बेरुजुको महाअभियान सञ्चालन गरिनेछ। बेरुजुको अभिलेखलाई सूचना प्रविधिमा आधारित बर्गिकरण गर्दै बैज्ञानिक बनाइनेछ । गाउँ विकास समिति हुँदादेखि आ. व. ०७८।७९ सम्मका बेरुजु विवरणको खोजी गरी सोको फछर्योटको लागि आवश्यक पहल गरिनेछ ।

२. शाखागत रुपमा खरिद योजना बनाई खरिद कार्यलाई प्रतिस्पर्धात्मक बनाइनेछ।

३. नागरिकता सिफारिसलाई लगायतका सिफारिसहरुलाई पुर्ण अनलाईन प्रणालीबाट कार्यान्वयनमा ल्याईनेछ ।

४. "जनताको कारवाही सार्वजनिक सुनुवाई" भन्ने नाराका साथ गाउँपालिकाले आफुले संचालन गरेका समग्र गतिविधिहरुको सार्वजनिक सुनुवाई गर्ने प्रबन्ध मिलाईनेछ।

५. गाउँपालिकाको बजेट संगालो सहितको रातो किताब आर्थिक बर्ष शुरु भएको १महिनामा छपाई वडा र सरोकारवालाहरुलाई उपलब्ध गराउनका लागि व्यवस्था गरिनेछ ।

६. वजेटलाई अनावश्यक संशोधन गर्ने परिपाटिलाई न्यूनीकरण गर्ने प्रयाश गरिनेछ ।

७. "फालेलुङ गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली, २०८२" पारित गरि कार्यान्वयनमा ल्याईनेछ ।

**ज) घरनक्सा र भू-उपभोग सम्बन्धि नीति**

१. भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको समस्या समाधानको लागि लगत सङ्कलन्, प्रमाणिकरण, जग्गा नापी आदि कार्य सम्पन गरिनेछ । भूमि समस्या समाधान आयोगसँग सहकार्य गरी जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराउने कार्यको सुरुवात गरिनेछ।

२. वन, भीरपाखा वा अन्य कुनै किसिमको जग्गाको वक्यैता रहेको मालपोत कर असुल र कृषियोग्य जग्गा बाझो वा खाली राखिएमा जरीमाना सहित मालपोत कर संकलन गरिनेछ ।

३. जग्गा नापजाँच शुल्क संकलनलाई व्यवस्थित बनाईनेछ ।

४. भू-बर्गिकरण सम्बन्धी आईपरेको समस्या समाधान सम्बन्धमा मालपोत र नापी कार्यालयसँग समन्वय र सहकार्य गरिनेछ ।

**झ) राजस्व अभिबृद्धि सम्बन्धि नीति**

१. कृषि उत्पादनलाई राजस्व बृद्धि गर्ने माध्यमको रुपमा अध्ययन र विकास गर्नका लागि वजेट विनियोजन गरिनेछ ।

२. "स्थानीय करः विकासको एकमात्र भर" भन्ने नाराका साथमा फालेलुङ गाउँपालिकाले कर संकलनमा "६ द"( करको दर न्यूनीकरण, करको दायरा विस्तार, संकलन कर्ताको दक्षता अभिबृद्धि, दातामैत्री कर संकलनमा प्रोत्साहन, दोहोरोमुक्तता, दण्ड र पुरस्कार) नीति अवलम्वन गर्दै स्थानीय करलाई विकासको मूल मेरुदण्डको रुपमा अगाडि बढाउने नीति अख्तियार गरिनेछ।

३. राजस्व सम्बन्धी शिक्षा तथा सचेतना अभिवृद्धिको लागि उद्योगी, व्यवसायी, व्यापारी, होटलवालाहरुलाई राजस्व सम्बन्धी अभिमुखिकरण तालिमको व्यवस्था गरीनेछ।

४. राजस्व चुहावट निरुत्साहित हुने आवश्यक नीति तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**ट) वडा विकास कार्यक्रम सम्बन्धि नीति**

१. स्थानीय वडाभित्रका जनताका आधारभुत आवश्यकता सम्वोधन गर्न वडागत रुपमा बजेट तथा कार्यक्रम तर्जुमा गरी सञ्चालन गरिनेछ।

२. टोल तथा बस्तीस्तरबाट माग भई वडा समितिबाट छनौट भई आएका योजना तथा कार्यक्रमहरु स्थानीय आवश्यकता,गाँउपालिकाको प्राथमिकता र आर्थिक उपलब्धताका आधारमा गाँउपालिकाले स्वीकृत वा संसोधन गरी सञ्चालनमा ल्याउनेछ।

३. वडागत बजेटबाट सम्बोधन हुन नसकेका कार्यक्रमहरु प्रथामिकताका आधारमा पालिकाबाट र पालिकाबाट पनि सम्बोधन हुन नसकेका योजना तथा कार्यक्रमहरु सम्बन्धित निकायमा माग सम्वोधनको लागि आवश्यक पहल गरिनेछ।

४. वडा कार्यालयको सेवा प्रवाहको गुणस्तर अभिवृद्धिका लागि भौतिक,प्राविधिक,प्रशासनिक सुदृढीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**ठ) महिला तथा वालवालिका र लघु उद्यम सम्बन्धी नीति**

१. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(MEDPA) लाई निरन्तरता दिईनेछ जसअन्तर्गत नयाँ लघु उद्यमी सिर्जना गर्ने तथा आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम सञ्चालन गरिनेछ ।

३. महिला तथा वालवालिकाको क्षेत्रको विकासका लागि आवश्यक योजना तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४. महिलाको क्षमता विकास र आय आर्जन बृद्धिको लागि जीवन उपयोगी सीप र तालिम सञ्चालन गर्नका लागि व्यवस्था गरिनेछ ।

५.सवै प्रकारका विभेदहरुलाई निरुत्साहन गर्दै समतामूलक समाजको विकास र निर्माणमा जोड दिइनेछ ।

**ड) खानेपानी तथा सरसफाई सम्बन्धी नीति**

१. "स्वच्छ खानेपानीः स्वस्थ्य जिन्दगानी" भन्ने अभिप्रायका साथमा स्वच्छ खानेपानीमा आम नागरिकको पहुँचमा अभिवृद्धि गर्नका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक योजना सञ्चालन गरिनेछ ।

२. विपद बाट क्षतिपुगेका खानेपानी आयोजनाहरुको मर्मत तथा सुख्खाग्रस्त क्षेत्रहरुमा खानेपानी उपलब्धतालाई व्यवस्थित गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

३. स्वच्छ खानेपानीको सुबिधा नपुगेका विद्यालय, स्वास्थ्य चौकी, वडा कार्यालय लगायतका सरकारी कार्यालयहरुमा चिसो तातो खानेपानीको व्यवस्था यसै आ व मा गरिनेछ ।

४. अति बिपन्न घर परिवारलाई निः शुल्क खानेपानी तथा विजुली वत्ती जडान गर्न आवश्यक व्यवस्थापन गरिनेछ ।

**ढ) भाषा साहित्य, संस्कृति सम्बन्धि नीति**

१. फालेलुङ गाउँपालिकाको समग्र भाषा,साहित्य र संस्कृतिको जगर्ना तथा विकासमा महत्वपुर्ण योगदान पुर्याउन फालेलुङ गाँउपालिकाको वाङमय प्रतिष्ठान सम्बन्धि ऐन, २०७९ लाई संसोधन गरी प्राज्ञिक एवं स्वतन्त्र प्रतिष्ठानको रुपमा सशक्त र प्रभावकारी बनाईनेछ ।

२. स्थानीय लिम्बु, राई, मगर, तामाङ, गुरुङ, शेर्पा लगायतका भाषाहरुको प्रवर्द्दन हुने कार्यक्रम सञ्चालन गरिनेछ ।

३. सामुदायिक तथा संस्थागत विद्यालयहरुमा स्थानीय मातृभाषाको पठनपाठनलाई प्रभावकारी रुपमा लागू गरिनेछ ।

४. स्थानीय संस्कार, सँस्कृतिको संरक्षण र सम्वर्द्दनमा जोड दिईनेछ ।

५. फालेलुङ गाउँपालिका भित्रका धार्मिक, सांस्कृतिक तथा पौराणिक सम्पदाहरुको संरक्षण तथा सम्वर्धनका लागी फालेलुङ सम्पदा सूचीको अवधारगत विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

६. विभिन्न धार्मिक तथा सांस्कृतिक चाड, पर्व, जात्रा, मेला तथा उत्सवहरुको जगेर्ना गरी विभिन्न जात, जाति, भाषा, लिङ्ग र सम्प्रदायको उत्थान र विकासका कार्यक्रम संचालन गरिनेछ ।

७. स्थानीय कला र संस्कृतिलाई स्थानीय उत्पादनसँग जोडी स्वरोजगार मार्फत आर्थिक उपार्जन गर्ने माध्यमको रुपमा विकास गरिनेछ ।

८. भाषाको संरक्षण र सम्मानका लागि स्थानीय लिम्बु भाषालाई फालेलुङ गाउँपालिकाको आधिकारिक लेटरप्याडमा समेत प्रयोग गर्ने व्यवस्था मिलाईनेछ ।

**ण) कानून तथा न्यायिक व्यवस्थापन सम्बन्धी नीति**

१. “मेलमिलाप गरौ विवाद नवढाउँन्यायीक समितिलाई वैज्ञानिक एवं प्रविधिमैत्री बनाउँदै न्यायिक निरुपण प्रक्रियालाई छिटो,निष्पक्ष,भेदभावरहित र सवैको पहुँचपुग्ने गरी व्यवस्थित बनाइनेछ ।

२. मेलमिलापकर्ताको भुमिकालाई सशक्त बनाउन मुद्दाको चापलाई मध्यनजर गरी नयाँ मेलमिलापकर्ता भर्ना तथा पुराना मेलमिलापकर्ताको क्षमता विकास तथा पुनताजकी तालिम प्रदान गरिनेछ।

३. असमर्थ पक्ष स्वयं अति विपन्न वर्ग भएमा निःशुल्क कानूनी सहायता उपलब्ध गराईनेछ ।

४. इजलासलाई दिगो, मर्यादित र खुला बनाई स्वच्छ सुनुवाईको सिद्दान्तलाई व्यवहारमा आत्मसाथ गर्दै लगिनेछ ।

**थ) रोजगार सम्बन्धी नीति**

१. आ.व. २०८२/०८३ का लागी फालेलुङ गाउँपालिका रोजगार सेवा केन्द्रमा सुचिकृत व्यक्तिहरुलाई न्यूनतम मर्यादित श्रमसहित रोजगारीको सुनिश्चितता गरिनेछ ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रम/राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत कृषि उत्पादनमुखी क्षेत्रसँग एकीकरण गर्दै कृषिजन्य उपजहरुको उत्पादन र विक्रि वितरण मार्फत आन्तरिक आम्दानी बृद्धि र रोजगारीमा समेत बृद्धि गर्ने नवीनतम अवधारणलाई कार्यान्वयन गरिनेछ ।

३. गाँउपालिका भित्रका सम्भावित क्षेत्रमा किवि, तोरी, अकबरे खुर्सानी, अदुवा, लसुन, प्याज, आलु, चिया, कफि तथा चिरौतो जस्ता नगदे वालि/फलफुल/तरकारी पकेट क्षेत्र स्थापना गर्दै उत्पादित वस्तुलाई प्रशोधन, ब्राण्डिङ, प्याकेजिङ र बजारीकरण गर्दै आम्दानीमा बृद्धि गरिनेछ ।

४. रोजगार शाखा अन्तर्गत प्राप्त भएको बजेटलाई आ.व. २०८२।०८३ मा कृषि विकास क्षेत्रमा लगानी गरी रोजगार, उत्पादन र कृषि क्षेत्रलाई जोड्ने कार्यको शुभारम्भ गरिनेछ ।

**५.** कृषि, लघु उद्यम, पशुपालन र रोजगार नीतलाई आपसी तादात्म्यता गर्नका लागि एकृकीत नीति तयार गरी कार्यान्वयन गरिनेछ ।

**द) सामाजिक सुरक्षा तथा अपाँगता सम्बन्धि नीति**

१. गाउँपालिकाभित्रको नागरिकहरुको राष्ट्रिय परिचयपत्र दर्ता, संसोधन तथा परिचयपत्र वितरणमा पहुँच पुर्याइनेछ।

२. सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको लाभग्राहीहरुको विवरण VERSP-MIS र NID MIS मा अन्तरआवद्दता गरि रुजु गर्न सहयोग गरिनेछ ।

३. ग र घ वर्गका पालिका भित्र रहेका सम्पुर्ण सरकारी तथा सार्वजनिक र निजि विद्यालयहरुमा अध्ययनरत अपाङ्गता भएका विद्यार्थिहरुलाई राज्य बाट प्राप्त हुने निशुल्क शिक्षा र छात्रावृत्ति पूर्ण रुपमा कार्यान्वयन गरिनुका साथै विशेष लक्षित कार्यक्रम संचालन गरिनेछ ।

४. अपाङ्‍गता परिचय पत्र वितरणको प्रक्रियालाई अझ सहज बनाई नियमित रुपमा अपाङ्‍गता परिचय पत्र वितरण गरिने छ ।

५. अपाङ्‍गता भएका व्यक्तिहरुको आर्थिक सशक्तिकरणका लागि आयआर्जनमुलक कार्यक्रम सन्चालन गरिने छ।

६. अपाङ्‍गता सहायता कक्ष मार्फत राज्यद्धारा प्रदान गरिने सेवा सुविधा सहज रुपमा उपभोग गर्न तथा गराउन सहयोग तथा सहजिकरण गरिने छ । व्यवसाय दर्ता गर्न चाहने अपाङ्‍गता भएका व्यक्तिहरुलाई पालिका मार्फत निशुल्क रुपमा व्यवसाय दर्ता गराइने छ ।अपाङ्‍गता भएका व्यक्तिहरुको संस्था (OPD) लाई अनुदान उपलव्ध गराईने छ।

**ध) पोषण सम्बन्धी नीतीः**

१.फालेलुङ गाँउपालिकाले महिला, वालवालिका तथा किशोरीहरुमा हुने कुपोषणको अवस्थामा सुधार ल्याउन नेपाल सरकारको प्राथमिकता प्राप्त बहुक्षेत्रिय पोषण कार्यक्रमलाई पोषण सुधार अभियानको रुपमा सञ्चालन गरि आगामी आ.व. बाट विषयगत तथा क्षेत्रगत क्रियाकलापहरु तय गरि पोषण तथा खाद्य सुधारको लागि तोकिएको क्रियाकलापहरु सञ्चालन गरिने छ ।

२. बहुक्षेत्रिय पोषण योजना अन्तरगत पोषणमैत्री स्थानिय शासन अवलम्बन गर्न र आगामि आ.ब. भित्र यस गाँउपालिकालाई पोषणमैत्री स्थानिय तह घोषणाका लागि पोषणमैत्री स्वास्थ्य संस्था तथा वडा घोषणा कार्यक्रमलाइ तिव्रता दिइने छ ।।

३.बहुक्षेत्रिय पोषण योजनाले निर्दिष्ट गरेका उपलब्धि तथा प्रतिफल प्राप्तिको लागि संघीय र प्रदेश सरकारका साथै स्थानिय तहले विषयगत शाखा र साझेदार निकायहरुसँगको सहकार्यमा पोषण लक्षित र संवेदनशिल किंयाकलापहरु सञ्चालन गरिनेछ ।

४.यस फालेलुङ गाँउपालिकाको पोषण तथा खाद्य सुरक्षा सम्बन्धि सुचना तथा तथ्याङ्कहरुको व्यवस्थापन गर्नका लागि विभिन्न संघ संस्थाहरुसंगको सहकार्यमा पोषण पार्श्वचित्र र स्थिति पत्र (Digital Nutration Profile and Nutration Status Paper) तयार तथा अध्यावधिक गरिनेछ ।

५. बहुक्षेत्रिय पोषण योजनाले तोके अनुसार पालिका र वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको संस्थागत र क्षमता विकासमा जोड दिइ योजनालाइ प्रभावकारी रुपमा कार्यन्वयन साथै अनुगमन गरिनेछ ।

६.पोषणको अवस्था सुधार ल्याउन नमुना करेसावारी निर्माण कार्यक्रम तथा घर वगैचा निर्माणको कार्यक्रममा जोड दिइनेछ ।

७.पोषणको अवस्था सुधारको लागि लक्षित वर्गमा कुखुरापालनलाई थप व्यवस्थित गराइ मासु तथा अन्डामा आत्मनिर्भर बनाइने छ ।

८. संस्थागत प्रसुति सेवामा अभिवृद्धि गरि घरमा हुने प्रसुतिमा शुन्यता ल्याउनुका साथै गुणस्तरीय प्रसुतिसेवा प्रधान गरिने छ ।

९. फालेलुङ गाँउपालिकाको स्थानिय पाठ्यक्रममा पोषण, आइरन र फोलिक एसिडको महत्व, यौनावस्थाको परिवर्तनसँगको समायोजन र पोषणको महत्व तथा वाल अधिकारका विषयवस्तुहरु समावेश गरिने छ ।

१०. वाल संजाल ,आमा समुह तथा पोषणमैत्री टोल समितिलाइ अभिमिखकरण गरि पोषण अभियानमा परिचालन गरिने छ ।

११. पोषणमैत्री स्थानिय शासनका सुचकहरु पुरा गर्दै आगामि आ. व भित्र गाँउपालिकालाई पोषणमैत्री गाँउपालिका घोषणा गरिने छ।

**द) अन्य नीति**

१. संघ प्रदेशसँग समपुरक साझेदारी कार्यविधि बमोजिम बजेट व्यवस्था गरिनेछ।
२. संघीय तथा प्रदेश सरकारसँग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ।
३. अन्य स्थानीय तहहरुसँग समन्वय तथा सहकार्य गरिनेछ।
४. विभिन्न संघ संस्थाहरुसँग समन्वय गरी साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ।
५. "सबै सरकार, हाम्रो समृद्धीको साझेदार" भन्ने नीतिलाई अँगिकार गरी संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय, सहकार्य र सहअस्तित्वको नीतिलाई कार्यान्वयका लागि नीतिगत आधार तय गरिनेछ।
६. गैर सरकारी संस्थाहरुलाई विकास साझेदारको रुपमा स्वीकार गर्दै उनीहरुलाई पालिका क्षेत्र भित्रको सन्तुलित विकास र मानव विकासका क्षेत्रहरुमा व्यवस्थित परिचालन गरिनेछ।

**प्रस्तोता**
वीर विक्रम थाम्सुहाङ
अध्यक्ष
मिति : २०८२।०३।०८

**Contact No.- 9852684108 (Chairperson), 9842728126 (Vice Chairperson) and 9852684104 (Chief Admistrative Officer)**

**Email:- phalelunggaunpalika@gmail.com**

**Website:- https://phalelungmun.gov.np**